**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

गोदावरी नगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ४ (गोदावरी) संख्या : ३० मिति : २०७७/०९/०२

**भाग-१**

**गोदावरी नगरपालिका**

**नगर कार्यपालिका बैठकबाट पारित मिति :२०७७/८/२१**

**प्रमाणीकरण मिति :२०७७/९/१**

## कृषक व्यक्तिगत/समुह/समति व्यावसायिक पशु फर्म अनुदान सहयोग कार्यविधि २०७७

**१) प्रस्तावनाः**

नगर क्षेत्र भित्र पशु पालक कृषक/समुह समिति तथा व्यवसायिक फर्महरुलाई नगरपालिकाले विनियोजित बजेटको सीमा भित्र रही कृषकहरुलाई व्यक्तिगत/समुह/समिति तथा व्यवसायिक पशुपालन फर्मलाई प्रर्वद्धन गर्न, आयआर्जनमा मद्दत पुर्‍याउन, उत्पादकत्व वृद्धि गर्न, स्वच्छ तथा ताजा स्वस्थ्यकर पशु उत्पादन गर्न, स्वरोजगारीमा टेवा पुर्‍याउनको लागि यो सहयोग कार्यविधि कार्यक्रम गर्नका लागि तयार गरिएको छ ।

**२) संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम कृषक व्यक्तिगत/समुह/समिति तथा व्यवसायिक फर्म अनुदान सहयोग कार्यविधि २०७७ रहने छ ।

ख) यो कार्यविधि नगर कार्यपालिका बाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**३) परिभाषाः**

क) कृषकः पशु पालिएका कृषक बुझ्नु पर्नेछ ।

ख) समुहः नगर क्षेत्रभित्रका गाउँ, टोलमा विधिवत रुपमा दर्ता भएको पशु पालन समुह बुझिनेछ ।

ग) समितिः पशु पालन गरिएका विभिन्न समुहहरु मिलि बनेको पशुपालन समिति भन्ने बुझ्नुपर्नेछ ।

गोदावरी नगरपालिका

घ) फर्मः व्यवसायिक रुपमा पशुपालन गर्ने उद्देश्यले स्थापना गरी विधिवत रुपमा दर्ता भएका व्यक्तिगत/साझेदारी वा कम्पनीलाई फर्म भनिनेछ ।

ङ) पशुः पशु भन्नाले गाई/भैंसी/बाख्रा/बंगुर/कुखुरा टर्की, हाँस, बट्टाई, माछा समेतलाई बुझ्नु पर्नेछ । साथै पशु सम्बन्धि आहाराका लागि उत्पादन गरिने बोट विरुवाका नर्सरी फर्म, वीउ बेर्ना उत्पादनका लागि हिउदे वर्षे, बहु वर्षे घाँस उत्पादन फर्म बुझिनेछ ।

च) अनुदान सहयोगः नगरपालिकाको आन्तरिक श्रोत/संघ प्रदेशको शसर्त अनुदान रकमको सीमा भित्र रही पुर्ण/आशिक/साझेदार रकम बुझिनेछ ।

छ) साझेदारीः स्थानिय निकायका निश्चित रकम तथा कृषक समुह/समिति तथा फर्महरुले आफ्नो निजी तर्फको लगानी रकम खर्च गरी सञ्चालन कार्यक्रमको रकमलाई साझेदारी रकम कार्यक्रम बुझ्नु पर्नेछ । यसरी साझेदारी कार्यक्रम सञ्चालनका लागि कार्यक्रमको प्रकृति अनुसार शर्त सम्झौता अनुसार साझेदार रकम निर्धारण गरिनेछ ।

यस अनुदान सहयोग कार्यक्रम अनुसार व्यक्तिगत/समुह समिति/ व्यवसायिक फर्महरुमा निम्नलिखित कार्यक्रम संचालन गरिनेछ ।

क) समुह/समितिमा सञ्चालन गरिने कार्यक्रम

पकेट प्याकेटज कार्यक्रम (आय आर्जन)

सम्भावनाका आधारमा वडा, गाउँ, टोलमा नयाँ समुह गठन गरी वा गठन गरिएको समुहमा भेडा बाख्रा/बंगुर/कुखुरा/गाई/भैंसी आदिको प्याकेजको अवधारणामा कार्यक्रमा संचालन गरिनेछ ।

**४) क्रियाकलापहरुः**

अ) बाख्रा/बंगुर/भेडा पालन पकेट प्याकेजः

- सर्वेक्षण तथा स्थान छनौट ।
- समुह गठन ।
- अभिमुखीकरण तालिम ३ दिने ।
- बाख्रा, बंगर, भेडा, कुखुरा, हाँस खरिद तथा वितरण ।
- पशु वीमा ।
- आहारा घाँस सहयोग (घाँसको विउ, बेर्ना, डाले घाँस) वितरण ।
- आन्तरिक/बाह्‍य परजीवी तथा खनिज मिश्रण, भिटामिन वितरण ।
- संक्रामक रोग विरुद्ध खोप सञ्चालन कार्यक्रम ।
- समुह व्यवस्थापन खर्च वार्षिक ।
- अनुगमन खर्च ।

आ) गाई/भैंसी पकेट प्याकेजः

- सर्वेक्षण तथा स्थान छनौट ।

- समुह गठन ।
- अभिमुखीकरण तालिम ३ दिने ।
- गाई/भैंसी खरिद गर्दा ढुवानी अनुदान ।
- गाई/भैंसी विमा ।
- पशु विमा ।
- आहारा सेवा कार्यक्रमः घाँसको वीउ, बेर्ना तथा घाँस खेतीमा सहयोग ।
- आन्तरिक  तथा बाहय परजीवी तथा खनिज मिश्रण, भिटामिन वितरण ।
- संक्रामक रोग विरुद्ध खोप सञ्चालन कार्यक्रम ।
- समुह ब्यवस्थापन खर्च वार्षिक ।
- अनुगमन खर्च ।

इ) लक्षित विपन्न वर्ग, दलित, सीमान्तकृत/मुक्त कमैया, कमलहरी, हलियामा कार्यक्रम संचालन तथा आय आर्जन । (बाख्रा, भेडा, बंगुर, कुखुरा, हाँस, बट्टाइ आदि)

- सर्वेक्षण स्थान छनौट ।
- समुह गठन ।
- अभिमुखीकरण तालिमा ३ दिने ।
- बाख्रा, भेडा, बंगुर, कुखुरा, हाँस आदि खरिद तथा वितरण ।
- पकु विमा (बाख्रा, भेडा, बंगुर)
- आहारा घाँस सहयोग (वीउ, बेर्ना, डाले घाँस)
- आन्तरिक/बाहय पराजीवी तथा खनिज मिश्रण, भिटामिन वितरण ।
- संक्रामक रोग विरुद्ध खोप ।
- समुह ब्यवस्थापन खर्च वार्षिक ।
- अनुगमन खर्च ।

**५) नश्ल सुधारमा सहयोग** ः

- बोका, थुमा, विर, राँगो, साँढे खरिदमा अनुदान ।
- कृत्रिम गर्भाधानमा सहयोग तथा प्रोत्साहन ।
- सुत्केरी प्याकेज आदि ।

**६) मागमा आधारित कार्यक्रमः** पशु पालन सम्बन्धि क्रियाकलापहरु ।

**७. विविध** ः

१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिका बाट निर्णय गराई सोही बमोजिम गरिनेछ ।

**२) संसोधन** ः- यस कार्यविधिमा कुनै बुदामा संसोधन गर्नु परेमा नगर कार्यपालिकाले निर्णय गरि संसोधन गर्न सक्नेछ ।

**३) बचाउ :-** यो कार्यविधि लागु हुनु पुर्व भए गरे गरेका काम कारवाही यसै बमोजिम भए गरेको मानिनेछ ।

**४) बाझिएको हद सम्म अमान्य हुने :-** कुनै दफा संघिय तथा प्रदेश कानुन सँग बाझिएको हद सम्म अमान्य हुनेछ ।

आज्ञाले

देवराज जोशी

प्रमुख प्रशासकीय अधिकृत

गोदावरी नगरपालिका